ने. रा. बैंक निर्देशन फारम नं. घ ४२

# महुली लघुवित्त वित्तीय संस्था लि.
# Mahuli Laghubitta Bittiya Sanstha Limited.

AGANISAIR KRISHANASWARAN-6, MAHULI SAPTARI

## Unaudited Financial Results (Quarterly)

As at 3rd Quarter (30/12/2078) of the Fiscal Year 2078/2079

Rs.'000'

| S.No. | Particulars | This Quater Ending | Previous Quarter Ending (2078 Poush End) | Corresponding Previsous Year Quarter Ending (2077 Chaitra End) |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4,495,367.27** | **4,145,998.13** | **3,497,990.24** |
| 1.1 | Paid-up Capital | 282,169.44 | 282,169.44 | 223,944.00 |
| 1.2 | Reserves and Surplus | 265,495.94 | 245,113.30 | 221,582.69 |
| 1.3 | Debenture and Bond | - | | |
| 1.4 | Borrowings | 2,137,807.10 | 1,875,489.84 | 1,576,903.50 |
| 1.5 | Deposits (a+b) | **1,544,432.25** | **1,443,832.22** | **1,265,553.96** |
| | a. Member | 1,544,432.25 | 1,443,832.22 | 1,265,553.96 |
| | b. public | | | |
| 1.6 | Income Tax Liabilities | 32,718.19 | 23,844.47 | 29,869.61 |
| 1.7 | Other Liabilities | 232,744.35 | 275,548.86 | 180,136.49 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **4,495,367.27** | **4,145,998.13** | **3,497,990.24** |
| 2.1 | Cash & Bank Balance | 149,940.66 | 85,536.26 | 81,894.01 |
| 2.2 | Money at call and short Notice | - | 93,938.55 | 116,413.67 |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 1,000.00 |
| 2.4 | Loans & Advances | 4,245,190.74 | 3,840,230.82 | 3,221,019.66 |
| 2.5 | Fixed Assets | 31,735.89 | 30,574.72 | 25,827.43 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 67,499.99 | 94,717.78 | 51,835.48 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 417,324.22 | 269,056.09 | 298,042.73 |
| 3.2 | Interest Expense | 194,285.54 | 119,643.28 | 139,338.96 |
| A | **Net Interest Income (3.1-3.2)** | **223,038.68** | **149,412.81** | **158,703.77** |
| 3.3 | Fees Commission and Discount | 64,153.13 | 41,464.34 | 51,794.90 |
| 3.4 | Other Operating Income | 7,580.01 | 5,502.85 | 4,165.02 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **294,771.81** | **196,379.99** | **214,663.69** |
| 3.6 | Staff Expenses | 116,756.28 | 74,961.59 | 85,382.98 |
| 3.7 | Other Operating Expenses | 29,891.21 | 20,919.02 | 21,592.43 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **148,124.33** | **100,499.39** | **107,688.29** |
| 3.8 | Provision for Possible Loss | 26,945.83 | 12,186.53 | 228.54 |
| D | **Operating profit (C-3.8)** | **121,178.50** | **88,312.86** | **107,459.75** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **121,178.50** | **88,312.86** | **107,459.75** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **121,178.50** | **88,312.86** | **107,459.75** |
| 3.12 | Provision For Staff Bonus | 12,117.85 | 8,831.29 | 10,745.98 |
| 3.13 | Provision For Tax | 32,718.19 | 23,844.47 | 29,869.61 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **76,342.45** | **55,637.10** | **66,844.17** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 12.03% | 12.63% | 12.14% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.59% | 2.59% | 2.24% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 113.15% | 110.62% | 129.39% |
| 4.4 | Cost of Funds | 9.12% | 8.39% | 6.04% |
| 4.5 | CD Ratio (Calculated as NRB Directives) | 283.17% | 273.83% | 262.10% |
| 5 | **Additional Information (Optional)** | | | |
| 5.1 | Average Yield (Local Currency) | 14.98% | 14.98% | 14.99% |
| 5.2 | Net Interest Spread (Local Currency) | 5.85% | 6.60% | 8.96% |
| 5.3 | Return on Equity | 31.67% | 35.33% | 37.76% |
| 5.4 | Return on Assets | 4.03% | 4.61% | 4.68% |

**Note :- 1. Above position & performances are subject to change if instructed by statutory auditor and regulatory authority.**

**2.The loans & advances are reported net of Loan loss provisions where gross loan amount at Rs.4,373,371.78 (in "000").**

**3.The previous period figures are regrouped and rearranged whenever necesssary.**

वचत तथा निक्षेपमा व्याजदर ४% देखी १२% सम्म    कर्जामा व्याजदर १०% देखी १५% सम्म

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४(नियम २६ को उप नियम (१) संग सम्बन्धीत)**
**आ.ब. २०७८/०७९ को तेश्रो त्रैमासिक विवरण**

**१ वित्तीय विबरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३६।०७ | ३७४२ | १९४।०९ | १५९३।१४ | ९।३४ |

**२ व्यवस्थापकीय विश्लेषण**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

यस वित्तीय संस्थाको कारोवार, मौज्दात, तरलता र आम्दानीमा गत त्रैमासिक भन्दा बृद्धि भएको तथा सदस्य समूहको निक्षेप तथा कर्जा लगानीमा बृद्धि गर्दै बजारमा प्रचलित ब्याजदरलाई उच्चतम रुपमा व्यवस्थापन गर्न सफल भएको छ । साथै, यस त्रैयमासमा बैंकिङ प्रणालीमा देखिएको तरलता समस्याले कर्जा विस्तारमा लक्ष्य अनुसार प्रगती चुनौतीपुर्ण रहेको छ ।

**ख) आगामी अवधीको व्यवस्थापकिय योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

हाल यस लघुवित्त वित्तीय संस्था राष्ट्रिय स्तरमा परिणत भई आ.ब. २०७८/०७९ मा वित्तीय पहुँच अभिबृद्धि गरी गरिबी न्युनिकरणमा योगदान गर्दै उद्यमशिलता विकास मार्फत समृद्ध समाज निर्माणमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले अगाडी बढिरहेको छ । हाल देशका विभिन्न स्थानहरुमा ६४ वटा शाखा कार्यालयहरु मार्फत ७६,१०० विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ । साथै संस्थालाई सुचना प्रविधी मैत्री बनाउन एवंम नविनत्तम श्रोतमा आधारित लघुवित्त कार्यक्रम संचालनको लागी उद्यमशिलता विकासमा सुचना प्रविधी (Digitalization) को भुमिकालाई मुख्य प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने र त्यसका लागी स्थानिय निकायसंग सहकार्य गरी विपन्न वर्गका परिवारमा वित्तीय सेवा तथा सुविधा पुऱ्याउने योजना रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

वित्तीय प्रणालीमा केही महिना अघि देखिएको तरलता समस्या, कर्जा सापटी तथा बचतमा उच्च ब्याजदर बृद्धि, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा न्युनिकरण गर्न कर्जा सुचना केन्द्रसगँ समन्वय गर्दै आएको साथै देशमा बढदो राजनैतिक अस्थिरताले गर्दासंस्थाको अगामी लक्ष्यहरु पुरा गर्न चुनौती देखिएता पनि संस्थाको विगतको कार्य अनुभवबाट जुन किसिमको सेवा विस्तार गरेको छ सो बाट वित्तीय संस्थाको अगामी लक्ष्यहरु पुरा हुनेमा वितीय संस्था विश्वस्त रहेको छ ।

**३ कानुनी कार्यबाही सम्बन्धी विवरण**

क) यस त्रैमासिक अवधीमा यस वित्तीय संस्थाले कुनै किसिमको मुदा दायर गरेको छैन । तर यस वित्तीय संस्थाको शाखा कार्यालय कठौना, तात्कालिन शाखा प्रमुख प्रकाश कुमार लेखि र तात्कालिन प्रमुख कार्यकारी अधिकृत श्याम कान्त चौधरी विरुद्ध अदालतको अवहेलना सम्बन्धी पुनरावेदन मुद्दा सर्वोच्च अदालतमा दायर भएको छ । सो सम्बन्धमा श्री सर्वोच्च अदालतमा उपस्थित भई म्याद तारिक थमाई लिखित जवाफ पेश गरिएको छ ।

ख) कुनै पनि संचालक उपर फौज्दारी मुद्धा चलेको छैन ।

ग) कुनै पनि संचालक उपर आर्थिक मुद्धा चलेको छैन ।

**४ संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारका लागी संस्थाले नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ ।

ख) नेपाल स्टक एकस्चेन्जको वेवसाईट अनुसार यस त्रैमासको अवधीमा निम्नानुसारले कारोवार भएको छ ।

| अधिक्तम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १,५५९।०० | १,३००।०० | १,३५०।०० | ३७ दिन | ४६७ |

**५ समस्या तथा चुनौती**

हाल बैंकिङ प्रणालीमा तरलताको चरम अभावको कारण अर्थतन्त्रमा असर पर्न सक्ने देखिएकोले थप नयाँ कर्जा विस्तारमा असर पर्न सक्ने चुनौती देखिएको छ । साथै, कर्जा सापटी तथा बचतमा उच्च ब्याजदर बृद्धि भएको, लघुवित्त संस्थाहरुको नयाँ शाखा खोल्ने कम तिब्ररुपमा रहेको, उनिहरुको कार्यक्षेत्र पनि यस वित्तीय संस्थाको कार्यक्षेत्र तथा सोही लक्षित वर्ग हुने भएको र यस क्षेत्रमा दक्ष जनशक्तिको अभाव एवं कर्जा लगानीमा दोहोरोपना हुने अबस्थामा काम गर्नु पररिहेको, लघुवित्त संस्थाहरु बिचनै अस्वस्थ प्रतिस्पर्धा हुनु, एउटै सदस्यलाई ऋणको भार धेरै भई सदस्यहरु पलायन हुने जसको कारण व्यवस्थापन खर्च बृद्धि भई मुनाफामा प्रतिकुल असर पर्न सक्ने देखिन्छ ।

**६ संस्थागत सुशासन**

यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारि संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३, तथा आयकर ऐन २०५८ को पालना गरेको छ । संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासनिक विनियमावली, कर्जा अपलेखन नीति, सूचना प्रविधी नीति, बचत नीति, कर्जा नीति, निर्देशिका, नगद संचालन कार्यविधी, धितो कर्जा कार्यविधी, सवारि साधन संचालन कार्यविधी, अनुगमन नीति, आन्तरिक लेखापरीक्षण नीति, विमा कार्यविधी, तयार गरि कार्यान्वयनमा ल्याईएको छ । संस्थाले आफ्नो कारोवार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरीक व्यवस्थापन तथा जोखिम व्यवस्थापनको कार्य प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरि कार्यान्व्यनमा ल्याईएको छ ।

**७ सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमुखको उद्घोषणा :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्त्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आबश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

**८ नियम २६ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विबरण : छैन**